## उन्नत बीउ उत्पादन कार्यक्रम प्रोत्साहन कार्यविधि, २०७७

उन्नत बीउ उत्पादन कार्यक्रम प्रोत्साहन कार्यविधि(प्रथम संशोधन), २०७७ मितिः २०७८/०५/०१

**प्रस्तावनाः** गुणस्तरीय बीउ उत्पादनमा बृद्धि तथा खाद्य सुरक्षामा दीगो सुधारका लागि सबैभन्दा उपयुक्त माध्यमका रुपमा बालीका उन्नत जातहरु पर्दछन । विभिन्न अध्ययन अनुसन्धानको नतिजा अनुसार गुणस्तरीय बीउ विजनको प्रयोगले मात्रै १५ देखि २० प्रतिशत उत्पादकत्व बृद्धि हुने गर्दछ जसका कारणले गर्दा खाद्य तथा पोषण सुरक्षामा योगदान पुर्याउनुको साथै आत्मनिर्भरता अभिवृद्धिमा सहयोग पुग्दछ । उपयुक्त जात, उपयुक्त समय, सुपथ मूल्य तथा आवश्यक परिमाणमा गुणस्तरीय बीउको पहुँच कृषकहरु समक्ष पुग्दा बालीको उत्पादन एंव उत्पादकत्व अभिवृद्धि भई बहुसंख्यक नेपाली जनताको जीवनस्तर सुधारमा सहयोग पुर्याउँछ । कृषक स्तरमा गुणस्तरीय बीउ विजनको सहज एंव सुलभ तरिकाले आपूर्ति एवम् वितरणको व्यवस्था मिलाउने उद्देश्यले श्री आर्थिक मामिला तथा योजना मन्त्रालय, बागमती प्रदेशको सहमति तथा प्रदेश एकीकृत अनुदान व्यवस्थापन कार्यविधि, २०७६ को दफा ४ को उपदफा २ को अधिनमा रही मन्त्रालयवाट यो कार्यविधि स्वीकृत गरी लागू गरिएको छ ।

### परिच्छेद -१
### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः**(१)यस कार्यविधिको नाम **“उन्नत बीउ उत्पादन कार्यक्रम प्रोत्साहन कार्यविधि, २०७७”** हुनेछ ।

(२) यो कार्यविधि स्वीकृत भएको मितिबाट लागू हुनेछ ।

२. **परिभाषाः**विषय वा प्रसंगले अर्को अर्थ नलागेमा, यस कार्यविधिमा-,

(क) **"प्रोत्साहन रकम"** भन्नाले यस कार्यविधि बमोजिम गुणस्तरीय उन्नत बीउ विजन उत्पादन गर्न सम्झौता अनुसार कार्य सम्पन्न गरे बापत दिइने रकम सम्झनु पर्छ ।

(ख) **"अनुदानग्राही"** भन्नाले यस कार्यविधि बमोजिम प्रोत्साहन रकम प्राप्त गर्न छनौट भएका कृषक समूह, कृषि सहकारी, नीजि कृषि फार्म, कृषि कम्पनि, सामुदायिक बीउ बैंकलाई सम्झनु पर्छ ।

(ग) **"उत्पादक"** भन्नाले विभिन्न बाली तथा जातहरुका मूल, प्रमाणित तथा उन्नत बीउ उत्पादनमा संलग्न कृषक समूह, कृषि सहकारी, नीजि कृषि फार्म, कृषि कम्पनि, सामुदायिक बीउ बैंकलाई सम्झनु पर्छ ।

(घ) **"आवेदक"** भन्नाले उन्नत बीउ उत्पादनका लागि प्रोत्साहन रकम सहयोग लिन आवेदन दिएका कृषक समूह, कृषि सहकारी, नीजि कृषि फार्म, कृषि कम्पनि, सामुदायिक बीउ बैंकलाई सम्झनु पर्छ ।

(ङ) **"स्थानीय तह "**भन्नाले महानगरपालिका,उपमहानगरपालिका,नगरपालिका र गाँउपालिका सम्झनु पर्छ।

(च) **"मन्त्रालय** "भन्नाले भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय, बागमती प्रदेशलाई सम्झनु पर्छ।

(छ) "**मूल्याङ्कन समिति"** भन्नाले दफा १० बमोजिम गठित समितिलाई सम्झनु पर्छ।

(ज) "**निर्देशनालय** "भन्नाले मन्त्रालय मातहतको कृषि विकास निर्देशनालय सम्झनु पर्छ।

(झ) "**केन्द्र** "भन्नाले निर्देशनालय मातहतको कृषि ज्ञान केन्द्र सम्झनु पर्छ ।

(ञ) "**प्रयोगशाला"** भन्नाले निर्देशनालय मातहतको बीउ विजन प्रयोगशाला सम्झनु पर्छ।

(ट) "**श्रोत बीउ"** भन्नाले प्रचलित बीउ विजन ऐन र बीउ विजन नियमावली अनुसार प्रमाणीकरण पद्दतीद्धारा प्रमाणित गरिएको मूल र प्रमाणित बीउ सम्झनु पर्छ। यसले वर्णशंकर जातका पैत्रिक लाईन (इनब्रिड) समेतलाई सम्झनु पर्छ ।

(ठ) "**उन्नत बीउ"** भन्नाले प्रचलित बीउ विजन ऐन र बीउ विजन नियमावली अनुसार मूल वा प्रमाणित बीउबाट उत्पादन गरी यथार्थ संकेत पत्र लगाइएको बीउ सम्झनु पर्छ। यसले बालीका वर्णशंकर जातहरु समेतलाई सम्झनु पर्छ ।

(ड) "**कार्यक्रम"** भन्नाले उन्नत बीउ उत्पादन प्रोत्साहन कार्यक्रम सम्बन्धी रहेको वार्षिक स्वीकृत कार्यक्रम सम्झनु पर्छ ।

(ढ) "**बीउ विजन"** भन्नाले यस कार्यविधि बमोजिमको श्रोत बीउ, प्रमाणित बीउ, उन्नत बीउ र वर्णशंकर बीउलाई सम्झनु पर्छ ।

३. उद्देश्यः यस कार्यविधिको उद्देश्य देहाय बमोजिम हुनेछः

(क) गुणस्तरीय बीउ विजनको सहज, सुलभ आपूर्ति एवम् वितरणमा मद्दत पुर्याउने,

(ख) उन्नत बीउ विजनको प्रयोगले उत्पादन तथा उत्पादकत्वमा बृद्धि गर्ने,

(ग) उन्नत बीउको प्रयोगबाट विभिन्न बालीको बीउ प्रतिस्थापन दर वृद्धिमा सहयोग गर्ने,

(घ) खाद्यान्न बालीको उत्पादन वृद्धि मार्फत मुख्य खाद्यान्नबालीको आत्मनिर्भरता अभिवृद्धिमा सहयोग पुर्याउने ।

## परिच्छेद-२
## कार्यक्रम सञ्चालन प्रक्रिया

४. उन्नत बीउ उत्पादन प्रोत्साहन कार्यक्रम बागमती प्रदेशको अनुसूची-१ बमोजिमको जिल्लाहरुमा सञ्चालन हुनेछ ।

५. उन्नत बीउ उत्पादन प्रोत्साहन कार्यक्रम *निर्देशनालय/कृषि ज्ञान केन्द्र मार्फत सञ्चालन हुनेछ ।

---

* प्रथम संशोधन द्वारा थप गरिएको

६. उन्नत बीउ उत्पादनमा सहभागी हुने आवेदकले भित्री मधेश / तराईको हकमा कम्तीमा १ हेक्टर तथा पहाडको हकमा कम्तिमा १० रोपनी क्षेत्रफलमा उन्नत बीउ उत्पादन कार्यक्रम गर्नुपर्नेछ ।

७. यो कार्यक्रम ⊕खाद्यान्न, दलहन तथा तेलहन बालीहरुमा सञ्चालन गरिनेछ र बीज बृद्धिको माग र औचित्यताका आधारमा अरु बालीहरुमा समेत क्रमशः आगामी वर्षहरुमा सञ्चालन गरिनेछ ।

८. प्रदेशबाट सञ्चालन हुने उन्नत बीउ उत्पादन कार्यक्रममा अनुदानग्राहीहरुले एउटै प्रकृतिको कार्यको लागि अन्य निकायबाट दोहोरोपन नहुने सुनिश्चतता सहित कार्यक्रम सञ्चालन गर्नुपर्नेछ ।

९. उन्नत बीउ उत्पादनमा सहभागी हुन इच्छुक आवेदकलाई ⊕निर्देशनालय/कृषि ज्ञान केन्द्रले ३० दिनको अनुसूची-२ बमोजिमको सूचना राष्ट्रिय पत्रिका, रेडियो, एफ.एम. तथा अनलाईन पत्रपत्रिका मार्फत प्रकाशन गर्नेछ र सो समयावधि भित्र माग बमोजिम निवेदन प्राप्त हुन नसकेमा पुनः १५ दिनको म्याद थप गरी सूचना प्रकाशन गर्न सक्नेछ । इच्छुक कृषक समुह, कृषि सहकारी, कृषि नीजि फार्म/कम्पनि तथा सामुदायिक वीउ वैंकहरुले अनुसूची -३ बमोजिमको ढाँचामा आवेदन दिनुपर्ने छ ।तर, आवेदकहरु सम्बन्धित केन्द्रमा उपस्थिति हुन नसकेमा केन्द्रको ईमेल मार्फत समेत आवेदन पेश गर्न सक्नेछ ।

१०. प्राप्त आवेदनको मूल्याङ्कन गरी स्वीकृतिको लागि केन्द्रमा एक मूल्याङ्कन समिति गठन हुनेछ । प्रमुख वा प्रमुखले तोकेको अधिकृतको संयोजकत्वमा ३ सदस्य समिति गठन गरिने छ ।

| | |
|---|---|
| प्रमुख वा प्रमुखले तोकेको अधिकृत | -संयोजक |
| आर्थिक प्रशासन हेर्ने अधिकृत/प्रतिनिधि | -सदस्य |
| खरिद इकाई प्रमुख | -सदस्य सचिव |

समितिको कार्य विवरण देहाय बमोजिमको हुनेछ;-

(क) प्रोत्साहन अनुदानका लागि प्राप्त निवेदन उपर चेकजाँच गर्ने,

(ख) प्रस्तावित बीउ उत्पादन क्षेत्रको क्षेत्रफल एकिन गर्ने तथा खडा बाली समेत निरिक्षण गर्ने,

(ग) बीउ उत्पादनका लागि प्रयोग भएको वीउको निस्साको चेक जाँच गर्ने,

(घ) स्वीकृत बजेट तथा लक्ष्य अनुसारको प्रोत्साहन रकम निर्धारण गरि सिफारिश गर्ने,

(ङ) छनौटका लागि अन्य आवश्यक मापदण्डहरु तोकि सिफारिश गर्ने ।

---

⊕ प्रथम संशोधन द्वारा संशोधित

११. आवेदकहरुको काम, कर्तव्य र अधिकारहरुः

क. लगाउने वा लगाई सकेको बालीको जात, बीउको श्रोत र क्षेत्रफल उल्लेख गरि कृषि ज्ञान केन्द्र र बीउ विजन प्रयोगशालामा पुर्व जानकारी फाराम भरि पठाउने ।

ख. श्रोत बीउ कँहा बाट, कति परिमाण र कति क्षेत्रफलमा लगाउने हो सो उल्लेख गर्नुको साथै श्रोत बीउको निस्सा (ट्याग खरिद विल) प्रमाणीकरण निकायमा पेश गर्नु पर्नेछ ।

ग. बीउ उत्पादन क्षेत्रको नियमित अनुगमन गराउने तथा कृषि ज्ञान केन्द्रका प्राविधिक वा स्थानिय तहका कृषि प्राविधिकको उपस्थितिमा अनुसूची-५ बमोजिकको ढाँचामा बाली कटानी गराई विवरण केन्द्रमा पेश गर्नुपर्ने ।

१२. <u>आवेदकले पेश गर्नु पर्ने कागजातहरुः</u> आवेदकले देहाय बमोजिमका कागजात पेश गर्नुपर्नेछ,-

क. सम्वन्धित निकायमा अद्यावधिक दर्ता भएको प्रमाण पत्रको प्रतिलिपि,

ख. उन्नत वीउ उत्पादन कार्यक्रममा सहभागि हुने समुह/सहकारी/वीउ वैंक/निजि फार्म/कम्पनिको निर्णयको प्रतिलिपि,

ग. सम्वन्धित स्थानिय तहको सिफारिश पत्र,

१३. <u>सम्झौताः</u> छनौट भएका आवेदकहरुसँग सम्बन्धित कृषि ज्ञान केन्द्रले ७ दिनको समयावधि दिई अनुसुची -४ बमोजिम सम्झौता गर्नेछ । यसरी सम्झौता गर्दा अनुदानग्राही उपस्थित हुन नसके ईमेल मार्फत पनि सम्झौता हुन सक्नेछ ।

१४. <u>अनुगमन तथा मूल्याङ्कनः</u> मन्त्रालय, निर्देशनालय, ज्ञान केन्द्र, वीउ विजन प्रयोगशालाहरुले आवश्यकता अनुसार सञ्चालित कार्यक्रमहरुको अनुगमन तथा मूल्याङ्कन गर्नेछ ।

## परिच्छेद -३
## <u>आर्थिक पक्ष</u>

१५. सम्झौता भएका आवेदकहरुले श्रोत बीउ खरिद गरेको बील, खडा बाली निरिक्षण गरेको प्राविधिक प्रतिवेदन तस्वीर सहित, बीउ बाली कटानी प्रतिवेदन, बीउ विजन प्रयोगशालाको परिक्षण प्रतिवेदन, यथार्थ संकेत पत्र पद्दती द्धारा लगाएको ट्याङ्ग, स्थानिय तहको सिफारिश, उन्नत बीउ उत्पादनमा विक्रि गर्ने प्रतिवद्धता पत्र र अरु सम्बन्धित निकायबाट सोही कार्यको लागि प्रोत्साहन नलिएको स्वघोषणा पत्रको आधारमा ⊕खाद्यान्नबालीमा बढीमा रु. २० प्रति के.जी. का दरले र दलहन तथा तेलहन बालीमा बढीमा रु. ४० प्रति के.जी का दरले प्रोत्साहन

---

⊕ प्रथम संशोधन द्वारा संशोधित

रकम अनुदानग्राहीको वैंक खातामा जम्मा हुने गरि भुक्तानी गरिनेछ । *दर्ता भएका प्रस्तावको मूल्याङ्कन पश्चात हुन आउने प्रोत्साहन रकम सम्बन्धित कृषि ज्ञान केन्द्रले कृषि विकास निर्देशनालयसँग सूचना प्रकाशनको मिति समाप्त भएको १५ दिन भित्र माग गर्नुपर्नेछ ।

(१) *<u>अनुदानग्राहीले पालना गर्नुपर्ने शर्त तथा मापदण्डहरु</u>: अनुदानग्राहीले देहाय बमोजिमका शर्त पालना गर्नुपर्नेछ ।

क. कृषिको उत्पादकत्व र उत्पादन बढाउनको लागि गुणस्तरीय विउविजन उत्पादन कार्यलाई निरन्तरता दिने,

ख. नयाँ प्रविधिको अनुशरण गर्ने, विकासका लागि अनुसन्धान गर्ने,

ग. स्थानीय मागलाई ध्यानमा राखि विउविजन उत्पादन गर्ने उत्पादन गर्नुपर्नेछ,

घ. विउविजन उत्पादनसगँ सम्बन्धित सही तथ्याङ्कहरु उपलब्ध गराउने ।

## परिच्छेद -४
## विविध

१६. <u>प्रचलित कानून बमोजिम हुने:</u> ⊕यस कार्यविधिमा उल्लेख भएका बुदाँहरु प्रचलित कानूनसगँ बाझिएमा प्रचलित कानून बमोजिम नै हुनेछ।

१७. <u>संशोधन:</u> यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अड्चन परेमा मन्त्रालयले आवश्यक संशोधन गर्न सक्नेछ ।

१८. <u>प्रचलित कानून बमोजिम हुने:</u> △.................

---

* प्रथम संशोधन द्वारा थप गरिएको

⊕ प्रथम संशोधनद्वारा संशोधित

△ प्रथम संशोधनद्वारा झिकिएको

अनुसूची -१

(दफा ४ सँग सम्बन्धित)

कार्यक्रम लागू हुने जिल्लाहरु:

- काभ्रेपलाञ्चोक,
- सिन्धुपाल्चोक,
- रामेछाप,
- दोलखा,
- नुवाकोट,
- ललितपुर,
- मकवानपुर,
- चितवन,
- सिन्धुली,
- धादिङ्ग,

## अनुसूची -२
## (दफा ९ सँग सम्बन्धित)
## <u>सूचना प्रकाशनको ढाचाँ</u>

प्रकाशित मिति.........................

*निर्देशनालय/कृषि ज्ञान केन्द्र, ..............................को आ.व................... को वार्षिक स्वीकृत कार्यक्रम अनुसार उन्नत बीउ उत्पादन प्रोत्साहन कार्यक्रम रहेको हुँदा...............................जिल्लाका इच्छुक कृषक समूह, कृषि सहकारी, निजि कृषि फार्म, कृषि कम्पनि र सामुदायिक बीउ बैकहरुबाट दस्तखत आव्हानको लागि यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले ⊕३० दिन भित्र सम्बन्धित ज्ञान केन्द्रमा तपसिल अनुसारको कागजातहरु सहित आवेदन कृषि ज्ञान केन्द्रमा दर्ता गर्नका लागि आव्हान गरिएको छ । थप जानकारीका लागि ⊕निर्देशनालय/कृषि ज्ञान केन्द्रमा सम्पर्क गर्न सक्नु हुनेछ । साथै आवेदकहरु सम्बन्धित ⊕निर्देशनालय/कृषि ज्ञान केन्द्रमा उपस्थित हुन नसकेमा कार्यालयको ईमेल मार्फत समेत प्रस्ताव पेश गर्न सकिनेछ ।

तपसिल

१. अनुसूची-३ अनुसारको आवेदन,
२. सम्बन्धित निकायमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि,
३. उन्नत बीउ उत्पादन कार्यक्रममा सहभागीमा सहभागी हुने समूह/सहकारी/बीउ बैक/निजि फार्म/कम्पनिको निर्णयको प्रतिलिपि,
४. सम्बन्धित स्थानिय तहको सिफारिश पत्र,
५. प्रस्तावमा उल्लेखित एउटै प्रयोजनको लागि नेपाल सरकार/प्रदेश सरकार /स्थानीय तह अन्य संघ संस्थाबाट सोही कामको लागि सहयोग लिए नलिएको स्वघोषणपत्र पेश गर्नु पर्नेछ,
६. लगाउने वा लगाई सकेको बालीको जात र क्षेत्रफल, बीउको श्रोत(मूल वा प्रमाणित) र कँहाबाट श्रोत बीउ खरिद गर्ने हो सोको विवरण ।

---

* प्रथम संशोधन द्वारा थप गरिएको

⊕ प्रथम संशोधन द्वारा संशोधित

## अनुसूची -३
### (दफा ९ सँग सम्बन्धित)
### आवेदन फारम

श्रीमान प्रमुख ज्यू,                                                    मितिः

*कृषि विकास निर्देशनालय/कृषि ज्ञान केन्द्र,

.................................. ।

विषयः कार्यक्रममा सहभागी सम्बन्धमा ।

महोदय,

प्रस्तुत विषयमा उन्नत बीउ उत्पादन प्रोत्साहन कार्यक्रमका लागि (आवेदकको नाम तथा ठेगाना)..........................................कूल .............हेक्टर क्षेत्रफलमा...........बाली को लागि कार्यक्रम सञ्चालन गर्न यस कार्यक्रममा छनौट गरीपाउँ भनी अनुरोध गर्दछु । साथै तपिशल अनुसारका कागजातहरु यसै निवेदनसाथ संलग्न राखी पेश गरेको व्यहेरा अनुरोध गर्दछु ।

<u>संलग्न कागजातहरु</u>

१. अनुसूची-३ अनुसारको आवेदन,
२. सम्बन्धित निकायमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि,
३. उन्नत बीउ उत्पादन कार्यक्रममा सहभागीमा सहभागी हुने समूह/सहकारी/बीउ बैंक/निजि फार्म/कम्पनिको निर्णयको प्रतिलिपि,
४. सम्बन्धित स्थानिय तहको सिफारिश पत्र ।
५. प्रस्तावमा उल्लेखित एउटै प्रयोजनको लागि नेपाल सरकार/प्रदेश सरकार /स्थानीय तह अन्य संघ संस्थाबाट सोही कामको लागि सहयोग लिए नलिएको स्वघोषणपत्र पेश गर्नु पर्नेछ,
६. लगाउने वा लगाई सकेको बालीको जात र क्षेत्रफल, बीउको श्रोत(मूल वा प्रमाणित) र कँहाबाट श्रोत बीउ खरिद गर्ने हो सोको विवरण ।
७. *आवेदकले सम्भव भएसम्म वीउको माग र पुर्ति सम्बन्धि विवरण Digitally Enabled Seed Management System(DESES) मा प्रविष्ट्रि गर्नुपर्नेछ ।

<u>निवेदक</u>

सहीः

नामः

पदः

संस्थाः

ठेगानाः

छाप

---

* प्रथम संशोधन द्वारा थप गरिएको

## अनुसूची - ४
### (दफा १३ सँग सम्बन्धित)
### सम्झौता – पत्र

यो सम्झौता पत्र, कृषि ज्ञान केन्द्र,................(यस पछि प्रथम पक्ष भनिने) र.................जिल्ला...................गा.पा/नपा.........वडा नं............................ कृषक समूह, कृषि सहकारी, निजि कृषि फार्म, कृषि कम्पनि र सामुदायिक बीउ बैकहरु (यस पछि दोस्रो पक्ष भनिने) बीच उन्नत बीउ उत्पादन प्रोत्साहन कार्यक्रम सञ्चालन गर्ने गरी तपशिल अनुसारका शर्तहरु पालना गर्ने मञ्जुर गर्दै यो सम्झौता गरी १/१ प्रति बुझिलियौं/दियौं ।

१. यो सम्झौता, सम्झौता भएको मिति......... देखि प्रारम्भ भएको मानिनेछ ।
२. दोश्रो पक्षले लगाएको कूल ................हेक्टर क्षेत्रफल ..............बाली को लागि कार्यक्रम सञ्चालन गर्नु पर्ने छ ।
३. प्रथम पक्षले ..................के.जी.को लागि रु.............का दरले जम्मा..............प्रोत्साहन रकम दिईनेछ ।
४. दोश्रो पक्षले भुक्तानीको लागि श्रोत बीउ खरिद गरेको बील, खडा बाली निरिक्षण गरेको प्राविधिक प्रतिवेदन तस्वीर सहित, बीउ बाली कटानी प्रतिवेदन, बीउ विजन प्रयोगशालाको परिक्षण प्रतिवेदन, यथार्थ संकेत पत्र पद्दती द्धारा लगाएको ट्याङ्ग, स्थानिय तहको सिफारिश, उन्नत बीउ उत्पादनमा विक्रि गर्ने प्रतिवद्धता पत्र र अरु सम्बन्धित निकायबाट सोही कार्यको लागि प्रोत्साहन नलिएको स्वघोषणा पत्रको आधारमा प्रोत्साहन रकम दोश्रो पक्षको बैंक खातामा उपलब्ध गराउनेछ ।
५. यो सम्झौतामा उल्लेख भएका कुराहरुमा यस वमोजिम र अन्य कुराहरुमा प्रचलित ऐन नियम अनुसार हुनेछ ।

| प्रथम पक्षको तर्फबाट आधिकारिक हस्ताक्षर | दोश्रो पक्षको तर्फबाट आधिकारिक हस्ताक्षर |
|---|---|
| हस्ताक्षर: | हस्ताक्षर: |
| नाम : | नाम : |
| पद : | पद : |
| कार्यालय : | संस्था र ठेगाना : |
| छाप : | छाप: |
| मिति : | मिति : |
| | |
| साक्षी | साक्षी |

## अनुसूची - ५
## (दफा ११ सँग सम्बन्धित)
## बाली कटानी (Crop Cutting) फारम

बालीको नाम...................... जिल्ला...................... आ. ब. ....................

| क.स. | कृषक को नाम | कृषकको ठेगाना | लगाएको बालीको जात | नमुना प्लटको उत्पादन (ग्राम) | | | | | | ५वटै प्लट वाट मिसाई लिएको नमुना ग्राम १२%.चिश्यान म्वाईच्नर मिटर भएको | के .जी . बाट जर्ति कटाई आएको तौल (ग्राम) १०-१५ घाम सुकाए पछी | १२५ बर्ग फिट बाट प्राप्त खास तौल (ग्राम) | उत्पादन के. जी. प्रति हेक्टर | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | प्लट नं.१ २५ ब.फि. | प्लट नं.२ २५ ब.फि. | प्लट नं.३ २५ ब.फि. | प्लट नं.४ २५ ब.फि. | प्लट नं.५ २५ ब.फि. | कुल १२५ ब.फि. | | | | | |
| | | | | | | | | | | | | | | |

उपयुक्त अन्न बाली कटानी गरी तौल निकालिँदा उपस्थित हुनेहरुको नाम दस्तखत र मितिः

१.

२.

३.

कम्पाइलेशन गर्ने ................. जाँच गर्ने ................ सदर गर्ने ........